# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

**बैठक संख्या:** २४/०७९/०८० **मिति:**२०८०/०२/२७

**अध्यक्षता:** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

**उपस्थिति:**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिता राम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

बैठक संख्या २४/०७९/०८०  अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक   मिति २०८०/०२/२७

मिति २०८० साल ज्येष्ठ २७ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**१. समिक्षा सम्बन्धमा ।**

मिति २०८०/०२/०८ गते बसेको अघिल्लो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।निर्णयहरुको कार्यान्वयनको स्थितिका सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतज्यूबाट बैठकमा जानकारी भयो ।

**२. स्थानीय तहका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यविधि,२०८० स्वीकृति सम्बन्धमा ।**

स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश,२०८० को दफा १५४ बमोजिम अर्जुनधारा नगरपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यलाई व्यवस्थित गर्न प्रदेश लोक सेवा आयोग विराटनगरको परामर्श एवं प्राप्त ढाँचा बमोजिम तर्जुमा गरिएको " स्थानीय सेवाका कर्मचारीहरुको तहवृद्धि सम्बन्धि कार्यविधि,२०८०" स्वीकृत गर्ने निर्णय गरियो ।

साथै, कार्यविधिको दफा ४ को उपदफा (१) बमोजिम तहवृद्धि सिफारिसका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठन हुने तहवृद्धि सिफारिस समितिको सदस्यहरुमा देहाय बमोजिमका कर्मचारीहरुलाई मनोनयन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| लेखा अधिकृत (आठौं), श्री विपिन लम्साल | सदस्य |
| अस्पताल नर्सिङ्ग निरीक्षक, (सातौं) श्री सुनिता रौनियार | सदस्य |

**३. भू उपयोग क्षेत्रको वर्गिकरण स्वीकृत गर्ने सम्बन्धमा ।**

भू उपयोग ऐन,२०७६ को दफा ४ को उपदफा (६) एवं भू उपयोग नियमावली २०७९ को नियम ५ को उपनियम (३) बमोजिम सम्बन्धित वडा समितिको निर्णयानुसार सिफारिस भई आएको वडा नं १,४,५,६,७,८,९,१० र ११ को भू उपयोग क्षेत्रको वर्गिकरणको आधार बमोजिम प्राप्त भएको भू उपयोग वर्गिकरणको विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

**४. शनिश्चरे अस्पतालको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका अन्तर्गत सञ्चालनमा रहेको शनिश्चरे अस्पतालको सेवा विस्तार एवं बिरामीहरुको चापका आधारमा मौजुदा जनशक्तिबाट मात्र सेवा सञ्चालनमा कठिनाई भएको देखिएकाले उक्त अस्पतालको संगठन तथा व्यस्थापन सर्वेक्षण गर्न आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**५. प्रारम्भिक वातावरणीय मूल्याङ्कन गर्ने सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका भित्र रहेका बिरिङ्ग टाङ्टिङ्ग, नेते, सुखानी लगायतका नदीहरुबाट आगामी आर्थिक वर्ष २०८०/०८१ नदीजन्य पदार्थ विक्री वितरणका लागि उक्त नदीहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

६. **पुस्तकालय निर्माण अनुदान सहायता सम्बन्धमा ।**

नेपाली राजदुतावाश, टोकियो, जापानको मिति २०८०/०२/१६ को श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार सम्बोधन भई यस नगरपालिका समेतलाई बोधार्थ भएको पत्र बमोजिम जापानको योकोहामा स्थित श्री Nichinoken Kanto नामक शैक्षिक संस्थाले आफ्नो स्थापनाको स्वर्ण जयन्तीको उपलक्ष्यमा अर्जुनधारा नगरपालिका वडा नं १ मा पुस्तकालय निर्माणका लागि रु ४९ लाख येन अनुदान सहयोग गर्ने सम्बन्धमा उक्त सहयोग रकम प्राप्त गर्नका लागि आवश्यक समन्वय गरिदिन नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

७. **भ्रमणका लागि अनुरोध सम्बन्धमा ।**

मित्रराष्ट्र जापानको इवाते प्रान्तको तोनो नगरका श्री Tada Kazuhiko ले यस अर्जुनधारा नगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गर्ने र सोही शिलशिलामा आगामी अक्टोबर वा नोभेम्भर महिनामा तोनो नगरको एक प्रतिनिधि मण्डलले अर्जुनधारा नगरपालिकाको सद्भावना भ्रमण गर्न अनुरोध भएको भनी नेपाली राजदुतावास टोकियो जापानको पत्रबाट जानकारी भएको सन्दर्भमा उक्त नगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गर्न र सोही शिलशिलामा उक्त नगरबाट पाल्नुहुने प्रतिनिधिमण्डललाई नगरपालिकाको तर्फबाट निमन्त्रणा गर्ने निर्णय गरियो ।

८. **नगद सहभागिता सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकामा नेपाल सरकार तथा प्रदेश सरकारबाट विभिन्न आयोजना सञ्चालनका लागि बजेट विनियोजन भई कार्यान्वयन गर्नुपर्ने भएकोमा आर्थिक वर्षको अन्तिम समयमा यसरी प्राप्त हुने बजेटबाट आयोजना कार्यान्वयनका लागि तत्काल ठेक्का बन्दोवस्त गर्न समय नपुग्ने र उपभोक्ताहरुबाट समेत नगद साझेदारी जुट्न नसक्ने देखिएको र नगरपालिकाले विपद् व्यवस्थापन सम्बन्धि आयोजना सञ्चालन गर्दा समेत उपभोक्ताबाट तत्काल नगद सहभागिता हुन समस्या हुने भएकाले आर्थिक वर्षको अन्तिम तिर नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने बजेट तथा नगरपालिकाबाट विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रमका लागि विनियोजित बजेट कार्यान्वयनका लागि उपभोक्ता समितिलाई नगद सहभागिता अनिवार्य नगरी जनश्रमदान मार्फत सहभागिता गराउने निर्णय गरियो ।साथै, अर्जुनधारा नगरपालिका, बिर्तामोड नगरपालिका र कनकाई नगरपालिकाको सहयोगमा अर्जुनधारा-८ मा निर्माणाधिन भवनका सम्बन्धमा उक्त भवन सरकारी प्रयोजनका लागि निर्माण हुने भएकाले उक्त आयोजनामा उपभोक्ताको नगद सहभागिता अनिवार्य नगर्ने निर्णय गरियो ।

९. **स्थानीय राजश्व बाँडफाँडको रकम सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाले गत आर्थिक वर्ष २०७९/०८० को नदीजन्य पदार्थको विक्री सम्बन्धि ठेक्काबाट प्राप्त हुने आयका सम्बन्धमा सम्मानित उच्च अदालत विराटनगरको इलाम इजलासमा मुद्दा परी उक्त आय बाँडफाँड नभएकोमा उक्त मुद्दाको अन्तिम फैसला यस नगरपालिकाको पक्षमा आई नगरपालिकाले प्राप्त गर्ने रकम प्राप्त भई सकेको हुँदा उक्त रकम नियमानुसार प्रदेश सरकार तथा नगरपालिकाले बाँडफाँड गर्ने र नगरपालिकाले प्राप्त गर्ने आय मध्येबाट अनुसुची (१) बमोजिमको कार्यक्रम तथा आयोजनामा विनियोजन गर्ने निर्णय गरियो ।

## १०. बैंक जमानत दाबी तथा कालो सूचिमा सिफारिस सम्बन्धमा ।

(१) चालु आर्थिक वर्ष २०७९/८० मा यस अर्जुनधारा नगरपालिका भित्र आइ.इ.इ. गरी तोकिएका नदीहरुबाट नदीजन्य पदार्थ उत्खनन संकलन तथा विक्री सम्बन्धि ठेक्का प्राप्त कम्पनी एनआरएनएन कंक्रिट उद्योग प्रा.लि.ले ठेक्का सम्झौता बमोजिम २०८० बैसाख मसान्तसम्म बुझाउनुपर्ने अन्तिम किस्ता रकम पटक पटक ताकेता गर्दा समेत नबुझाएको हुँदा उक्त फर्मले पेश गरेको बैंक जमानत पत्रबाट नगरपालिकाले प्राप्त गर्ने रकम प्राप्त गर्न आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

(२) यस अर्जुनधारा नगरपालिकाको नदीजन्य पदार्थ उत्खनन संकलन सम्बन्धि गत आर्थिक वर्ष २०७९/०८० को ठेक्का प्राप्त फर्म कर्म कन्स्ट्रक्सन प्रा.लि. बौद्धले कार्यालयसँग गरेको सम्झौता बमोजिम बुझाउनु पर्ने रकम नबुझाई विभिन्न वहाना गरी आलटाल गरेको, सोही सन्दर्भमा सम्मानित उच्च अदालत विराटनगरको इलाम इजलासमा मुद्दा परी नगरपालिकाको पक्षमा फैसला गरेपश्चात समेत बुझाउनुपर्ने रकम नबुझाएको कारणले उक्त फर्मले पेश गरेको बैंक जमानतबाट नगरपालिकाले पाउनु पर्ने रकम प्राप्त गरेको हुँदा उक्त संस्थालाई नियमानुसार कालो सूचीमा राख्नका लागि सिफारिस गर्ने निर्णय गरियो ।

## ११. विविधः

(१) अर्जुनधारा नगरपालिकामा व्यवसायिक धानको विजवृद्धिका लागि विषयविज्ञको रुपमा परामर्श सेवा दिँदै आउनु भएका विज्ञ श्री टेकनाथ पोखलको परामर्श सेवाको म्याद २०७९ पौष देखि २०८० आषाढ मसान्तसम्मका लागि थप गर्ने निर्णय गरियो ।

(२) अर्जुनधारा नगरपालिका वडा नं ७ को मिलडाँडाबाट वडा नं ४ को भाङ्गबारी जोड्ने सडक कालोपत्रे गर्नका लागि चालु आर्थिक वर्ष २०७९/०८० मा प्रदेश सरकारको समपुरक अनुदान र नगरपालिकाको साझेदारीमा ठेक्का बन्दोवस्त भएकोमा सो ठेक्का बन्दोवस्त हुँदा न्यून कबोल भई बाँकी रहेको रकमबाट रु ४,३१,०००/- (भ्याट सहित) बराबरको भेरियसन अर्डर स्वीकृत गर्ने निर्णय गरियो ।

(३) निम्न बमोजिम आयोजना/ कार्यक्रमका लागि देहाय बमोजिम शीर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजना/कार्यक्रम | रकम(रु) | श्रोत |
|---|---|---|---|
| १ | भद्रपुर झापा गोल्डकप सञ्चालन सहयोग | ६० हजार | खेलकुद |
| २ | मेचे जातीय कार्यक्रम सञ्चालन सहयोग | १ लाख | युवा |

बैठक संख्या २४/०७९/०८० अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०२/२७

अनुसुची १

(निर्णय नं ९ सँग सम्बन्धित)

| सि.नं. | आयोजनाको नाम | रकम(रु) |
|---|---|---|
| १ | सुखानी दोभान टाङटिङ खोला तटबन्धन वडा नं ३ | १५ लाख |
| २ | फाल्गुनन्द चौक दक्षिण फाल्गुनन्द मार्ग कालोपत्रे | ४० लाख |
| ३ | वडा नं ८ शनिश्चरे बजार सौन्दर्यिकरण | १० लाख |
| ४ | वडा नं ७ र ८ को सिमाना नयाँ बजार जाने बाटोमा प्लम्ब वाल निर्माण | २ लाख ५० हजार |
| ५ | वडा नं २ कुमाल गाउँ जाने बाटो स्तरोन्नती | २ लाख ५० हजार |
| ६ | दधिराम रिमाल चौकबाट तिनपैनी चौक जाने बाटो कालोपत्रे वडा नं ६ ९ ११ | ४० लाख |
| ७ | सृजना चौकबाट रेवत बुढाथोकीको घर हुँदै भोला गौतमको घर जाने बाटो कालोपत्रे | ४० लाख |
| ८ | डुंगाडाँगी सडकमा साझेदारी (६०/४०) मा पेवर्स लगाउने वडा नं ६ | ५ लाख |
| ९ | वडा नं ६ मा साझेदारी (६०/४०)मा पेवर्स लगाउन | ५ लाख |
| १० | वडा नं २ मसानघाट पश्चिम चौरासे टाङटिङ खोलामा कफर ड्याम निर्माण | २० लाख |
| ११ | दुर्गा मन्दिर बिहिबारेमा ट्रस लगाउने वडा नं ५ | ४ लाख |
| १२ | कृष्ण राजवंशीको घर छेउमा कल्भर्ट निर्माण | ३ लाख |
| १३ | नवदुर्गा आधारभुत विद्यालय कक्षा कोठा पर्खाल निर्माण वडा नं ४ | ५ लाख |
| १४ | वडा नं २ चौरासेमा खानेपानी सिँचाईका लागि इनार निर्माण तथा मोटर खरिद | १ लाख ५० हजार |
| १५ | वडा नं ४ मा खानेपानी पाइपलाइन विस्तार | ५० हजार |
| १६ | वडा नं ४ मा हयुमपाइप खरिद तथा जडान | २ लाख |
| १७ | अर्जुनधारा प्रेस क्लब भवन निर्माण सहयोग | ५ लाख |
| १८ | वडा नं २ मदनभण्डारी मार्ग टाङटिङ पुलको दक्षिण टाङटिङ खोलाको पश्चिम किनारमा तटबन्धन | ४ लाख ३० हजार |
| १९ | गरमकाली मन्दिर मर्मत वडा नं ४ | १ लाख |
| २० | सानो नेते पुल मर्मत वडा नं १ , राते कल्भर्ट मर्मत वडा नं २, अदुवा पुल मर्मत वडा नं ६, बिरिङ्ग कज्वे मर्मत, वडा नं ४ र ७ (ल.ई. बमोजिम) | २२ लाख |
| २१ | पुष्पलाल चौक छेउको अदुवा पुल मर्मत, वडा नं ६ | ६ लाख |
| २२ | सानो धिमाल गाउँ जाने बाटोमा प्लम्ब निर्माण, वडा नं ९ | ८ लाख |
| २३ | शहिद राजन गिरी मार्गमा पर्ने कज्वे मर्मत (वडा नं ४ र ५ को सिमानामा) | ४ लाख |